Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## कुवेतमा रोजगार — कम्पनी : AL-WAHDA ORIGINAL RESTAURANT COMPANY — शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८२/०२/१९ | चलानी नं.: ६०२३८९३१ | LT. No.: 325013

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 8 | 0 | स. काममा दक्ष | 120 | ५३,४४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ २७ गते (10 June 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

Gov. Lic No. 1746 /081/82 MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

## ओमनमा रोजगार — कम्पनी : AL TARAQI AL MUTAMIZA ENT LLC

पूर्व स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 324802 | चलानी नं. ६०२३८८९२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MACHINING(MILLING MACHINE OPERATOR) | 7 | 0 | 190 | ६७,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।**

DOTI OVERSEAS PVT. LTD. Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

## कुवेतमा रोजगार — कम्पनी : ROBUSTA COFFEE BAR RESTAURANT CO.

पूर्व स्वीकृति मिति : २०८१/०९/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 317096 | चलानी नं. ६०२३१४८२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | INDOOR CLEANER | 5 | 5 | 90 | ४०,०८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | waiter/waitress | 7 | 14 | 120 | ५३,४४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: शाखा कार्यालय, बिर्तामोड, झापामा मितिः २०८२ जेठ १७ गते (31th May 2025) मा हुनेछ ।** (सेवा शुल्क: १०,०००/-)

श्रम इजाजत नं. 1543/078/079 Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal,Tel No. +977-01-5911443 Mo.NO. 9813850986, 9814269669
E-mail : info@indexrecruitment.com.np ,www. www.indexrecruitment.com.np

## युएइमा रोजगार — कम्पनी : K T B CARPENTRY& FLOORING CONTRACTING L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324806 | चलानी नं. ६०२३८७८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICKLAYER | 2 | 0 | 1200 | ४४,५७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | AED 300 | छ | २ वर्ष |
| 2 | Carpenter | 3 | 0 | 1200 | ४४,५७९ | | | | | | | |
| 3 | CARPENTER ASSISTANT | 3 | 0 | 1200 | ४४,५७९ | | | | | | | |
| 4 | Electrician | 3 | 0 | 1200 | ४४,५७९ | | | | | | | |
| 5 | Painter | 3 | 0 | 1200 | ४४,५७९ | | | | | | | |
| 6 | Plumber Assistant | 3 | 0 | 1200 | ४४,५७९ | | | | | | | |
| 7 | TILE LAYER. | 3 | 0 | 1200 | ४४,५७९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।**

Govt. License 826/066/67 AP OVERSEAS PVT. LTD
Sorakhutte, Link Road, KTM, Nepal, Tel: +977-01- 4988574, 4988485,E-mail: apoverseasktm@yahoo.com, info@apoverseas.com.np,Website : www.apoverseas.com.np

## कुवेत/साउदी/युएइमा रोजगार — कम्पनी : NOHA DAY KINDERGARTEN COMPANY (सेवा शुल्क : १०,०००/-)

पूर्व स्वीकृति मिति : २०८०/१०/०५ | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 298403 | चलानी नं. ६०२१३३७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 1 | 0 | 140 | ६२,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALFALAK HUMAN RESOURCES COMPANY (सेवा शुल्क : १०,०००/-)

पूर्व स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 324846 | चलानी नं. ६०२३८९०९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३६,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : AL MAWARID HUMAN RESOURCES COMPANY (सेवा शुल्क : १०,०००/-)

पूर्व स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 324685 | चलानी नं. ६०२३८९१०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 10 | 0 | 1000 | ३६,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Office and Facilities Cleaning Worker | 1 | 0 | 1000 | | | | | | | | |

कम्पनी : PETROTECHNIC GENERAL CONTRACTING - L.L.C - S.P.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०८ | LT. No. 324177 | चलानी नं. ६०२३८२२६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Black Smith | 2 | 0 | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 3 | Concrete Masons | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 4 | Electrician. | 1 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 5 | labourer / worker/ building worker / worker | 2 | 0 | 1000 | ३७,१५० | | | | | | | |
| 6 | Plumber | 1 | 0 | 1200 | ४४,५८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।**

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५

## राजश्री सेविङ्स एण्ड क्रेडिट को-अपरेटिभ सोसाईटी लिमिटेड सेवा केन्द्र काठमाडौंको

## ऋणीहरुको नामको ३५ ( पैतिस ) दिने म्याद पूजी

तपसीलमा उल्लेखित तपाई ऋणीले यस संस्थाबाट व्यापार ऋण उद्देश्यको लागी लिनु भएको ऋणको भाखा नाघिसकेको हुँदा सो ऋण बुझाउन पटक-पटक ताकेता पत्र पठाई सकिएकोमा हाँलसम्म पनि सो ऋण र समय - समयमा बुझाउनु पर्ने व्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०४८ र सहकारी नियमावली २०४९ को दफा २५(क) बमोजिम ३५ (पैतिस) दिने म्याद पूर्जी जारि गरिएको छ । उक्त म्याद पूर्जी पाएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको व्याज हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरी सकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम विक्री गरी ऋण रकम, व्याज हार्जाना र लिलाम विक्री गर्दा लागेको सम्पूर्ण खर्च समेत तपाईबाट असुल उपर गरिने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

**राजश्री सेवाकेन्द्र काठमाडौंको व्यापार ऋण (मिति २०८२/०२/१२) गते सम्मको साँवा, व्याज र हर्जाना**

| क्र.सं. | फाईल नं. | ऋणीको नाम | ठेगाना | पिता/पति, र बाजे/ससुराको नाम | ऋण लिएको मिति | बाँकी साँवा | बाँकी व्याज | जग्गाको विवरण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **व्यापार ऋण** | | | | |
| १ | ०००७३ | कोपिला खाती | मुसिकोट-१ गुल्मी | राम बहादुर खाती क्षेत्रि | २०७८।०७।०८ | ११०००००० | ९२९७०४०।८३ | जि. भक्तपुर नंखेल वार्ड नं. ३ हाल सुर्यविनायक न.पा. ९ |
| | | | | श्याम लाल खाति क्षेत्रि | | | | कित्ता नं. १८४, क्षेत्रफल ०-६-०-० |
| २ | ०००८७ | श्री कृष्ण थापा | इन्द्रयणी -९ | इन्द्र बहादुर थापा | २०७९।०२।२५ | २०००००० | १२९४२२३१।१२ | जि. काठमाण्डौ गागलफेदी वार्ड नं. ३ग, कित्ता नं. ६०/६१ |
| | | | काठमाण्डौ | शेर बहादुर थापा | | | | /६२, क्षेत्रफल ०-५-३-२/०-५-३-२/०-५-३-२ |
| | | | | | | | | जि. काठमाण्डौ गागलफेदी वार्ड नं. ४ख |
| | | | | | | | | कित्ता नं. ४२१, क्षेत्रफल ०-५-२-० |
| | | | | | | | | जि. काठमाण्डौ इन्द्रयणी वार्ड नं. ९ |
| | | | | | | | | कित्ता नं. १४७, क्षेत्रफल ०-८-०-० |
| ३ | ०००६८ | निलम देवी चौधरी कलवार | टिकुलिया-२ सप्तरी | तारणी प्रसाद चौधरी | २०७८।०१।१४ | २६००००००।०० | २५०७२६१७।०० | जि. सिरहा सिंगराही मटिअर्वा वार्ड नं. ५ |
| | | हाल | सुरूङ्गा न.पा. ९ | नारायण चौधरी | | | | कित्ता नं. ३०८/६८०, क्षेत्रफल ०-१-१६.५/०-०-९ |
| ४ | ०००६९ | अनुपि देवी कलवारनी | टिकुलिया-२ सप्तरी | नारायण प्रसाद चौधरी | २०७८।०१।१४ | ३१३००००००।०० | ३०५०१८८३।०० | जि. सिरहा सिंगराही मटिअर्वा वार्ड नं. ५ |
| | | हाल | सुरूङ्गा न.पा. ९ | रूपलाल चौधरी | | | | कित्ता नं. ६२६/६२९, क्षेत्रफल ०-०-८/०-१-११.५० |
| ५ | ०००७५ | कलावति पौडैल तिमल्सिना | कुमरी- ८ नुवाकोट | रामेश्वर तिमल्सिना | २०७८।०९।०५ | ९०००००००।०० | ७१८९४०७।०० | जि. ललितपुर लामाटार वार्ड नं. ४ |
| | | हाल गौरिघाट | -७ काठमाण्डौ | कृष्ण प्रसाद तिमल्सिना | | | | कित्ता नं. ४, क्षेत्रफल ०-९-२-० |
| ६ | ०००८९ | अम्बिका श्रेष्ठ | बैतेश्वर गा.पा. १ | खेल नारायण श्रेष्ठ | २०७९।०३।१३ | १४९९७०६।०० | ७६९२९४।०० | जि. काभ्रे नासिका स्थान सांगा वार्ड नं. ५ क |
| | | | गौरिमुदि, दोलखा | खडग नारायण श्रेष्ठ | | | | कित्ता नं. १७५४ क्षेत्रफल ०-३-०-२ |
| ७ | ०००४० | चिन्सानि बोम्जन | इन्द्रावती गा.पा. १ | मणिक लाल बोम्जन | २०७५।०३।०७ | ७५३४२८०।०० | ९९८६६०७।०० | जि. काठमाण्डौ थलिङांछी वार्ड नं. ६ क |
| | | | सिन्धुपाल्चोक | सुकलाल बोम्जन | | | | कित्ता नं. २४२ । १४३। २८२ |
| | | | | | | | | क्षेत्रफल ०-८-०-० ।०-८-२-०।०-२-३-२ |
| ८ | ०००९१ | रोजिता श्रेष्ठ | मलंगवा -९ सर्लाही | राज कुमार श्रेष्ठ | २०७९।०६।१२ | ६९३१६७।०० | २४३५७२।०० | जि. काठमाण्डौ भिमढुङ्गा वार्ड नं. १क |
| | | | | स्व. कृष्ण बहादुर श्रेष्ठ | | | | कित्ता नं. ३८८/३८६, क्षेत्रफल ०-१-१-०/०-१-१-० |
| ९ | ०००४२ | मन सिं कार्की | टुकुचा नाला -२ | तानिक बहादुर कार्की | २०७५।०५।२९ | १०५००००००।०० | २१७२२२१३।०० | जि.काभ्रे टुकुचानाला वडा नं. २ हाल बनेपा न.पा. |
| | | हाल | बनेपा न.पा. -१ | ललित बहादुर कार्की | | | | वाड नं. १, कित्ता नं. ११०/११४/४७७ |
| | | | काभ्रे | | | | | क्षेत्रफल ०-१४-०-०/०-१४-०-०/०-४-१-२ |

**नोट :-**
१. ऋणको धितो वापत जग्गा धितोमा दिने मन्जुरनामावालाहरुले समय भित्र ऋण चुक्ता गर्न लगाउने व्यवस्था गर्नुहोला अन्यथा धितो लिलाम हुने व्यहोरा जानकारी गराईन्छ ।
२. राखेको धितोबाट संस्थाको सम्पूर्ण वाँकी रकम असुल उपर नभएमा अन्य जायजेथा वाट समेत रकम असुल उपर गरिनेछ ।

**राजश्री सेविङ्स एण्ड क्रेडिट को-अपरेटिभ सोसाईटी लिमिटेड**
**सेवाकेन्द्र काठमाडौं फोन नं. ०१-४५८७५३३**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# खाद्यपदार्थमा स्वच्छता कहिलेबाट ?

**भनिन्छ, मानिसको स्वास्थ्य उसको भान्सामा भर पर्छ । भान्सा भनेको खानपान तयार हुने मुख्य थलो हो । तर हिजोआज भान्सा मानिसको नियन्त्रणमा छैन । आधुनिक जीवनशैलीका कारण खाने समय निश्चित छैन भने खाने ठाउँको पनि । जहाँ पायो त्यही खाने, जहिले पायो त्यहीबेला खाने, जे पायो त्यही खाने । नेपालीको यही 'ब्लाइण्ड' शैलीको उत्पादक तथा व्यापारीले भरपुर फाइदा लिइरहेका छन् । म्याद गुज्रेका सामान बजारमा पठाउने, नक्कली पेयपदार्थदेखि कमसल खालका खाद्यपदार्थ उत्पादन गर्नेसम्ममा व्यापारीहरू पछि पर्दैनन् ।**

**तरकारी, फलफूलदेखि मासुजन्य पदार्थमा विषादीदेखि औषधिको प्रयोग बढ्दो छ । खाद्यपदार्थ उत्पादनदेखि भण्डारण, प्रशोधनमा विषजन्य पदार्थको प्रयोग बढ्न थालेको हो । हेलचेक्र्याइँ गर्दा खानाकै कारण कतिपयको मृत्युसमेत हुने गर्दछ । विश्वमा अस्वच्छ एवं दूषित खाद्यपदार्थबाट झाडापखालादेखि क्यान्सरसम्मका २०० भन्दा बढी रोग लाग्ने गरेको तथ्य अनुसन्धानले नै पुष्टि गरेको छ ।**

**प्रत्येक १० जनामध्ये एक जना मानिस विषाक्त खाद्यपदार्थको उपभोगका कारण बिरामी हुने गरेका छन् । चार लाख २० हजार मानिस खाद्यजनित रोगबाट मृत्यु हुने गरेका छन् । झाडापखालाबाट करिब ५५ करोड बिरामी हुने र दुई लाख ३० हजार मानिसको मृत्यु हुने गर्दछ ।**

**यसै सन्दर्भमा 'खाद्य पदार्थमा स्वच्छताः विज्ञानको अपरिहार्यता' नाराका साथ १७औं राष्ट्रिय खाद्य स्वच्छता दिवस मनाइँदै छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जेठ १८ गते आइतबारदेखि २४ गते शनिबारसम्म यो दिवस मनाउँदै छ । सरकारले खाद्य स्वच्छता तथा गुणस्तर नियमन गर्ने जिम्मेवारी विभागलाई तोकेको छ । तर पर्याप्त जनशक्ति नहुँदा विभाग भगवान् भरोसामा चलेको छ । विभागले खाद्यपदार्थको गुणस्तर नियमन गर्न सकेको छैन ।**

**विश्व स्वास्थ्य संगठनको अध्ययनअनुसार तरकारी तथा फलफूलमा जीवनाशक विषादीको अवशेष, पशुपन्छीजन्य खाद्यपदार्थमा एन्टिबायोटिकको अवशेष, खाद्यान्नमा ढुसीजन्य विषको समस्या छ । संविधानले हरेक नेपालीका लागि खाद्यसम्बन्धी हकको सुनिश्चितता गरेको छ । संविधानबमोजिम संघीय संसद्ले खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ जारी गरेको छ ।**

**मानव स्वास्थ्यको रक्षा तथा उपभोक्ता हित संरक्षणका लागि खाद्य शृंखलाका सबै चरणमा वैज्ञानिक तथ्यका आधारमा खाद्यपदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण र प्रभावकारी नियमनको व्यवस्था गरेको छ । यस्तो अवस्थामा हक अधिकार मात्र सुनिश्चित हैन, कार्यान्वयनमा पनि सरकारले चाँडो काम थालोस् ।**

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

#### वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# सुशासन, विकास र समृद्धिको अपेक्षा



■ शीतलप्रसाद महतो

विश्वभरि नै गणतन्त्रलाई उच्चतम् लोकतान्त्रिक शासकीय व्यवस्थाका रूपमा मान्दै आएको छ । समुन्नत, समृद्ध र सुशासनयुक्त मुलुक बनाउने महान् लक्ष्य र अभिभारा पूरा गर्ने अठोटसाथ नेपालमा गणतन्त्र भित्रिएको हो । वास्तवमा यो एउटा व्यवस्थामात्रै नभई नागरिक चेतनाको द्योतक पनि हो । अढाइ सय वर्ष लामो तत्कालीन शाहवंशीय राजतन्त्रात्मक शासन व्यवस्थालाई अन्त्य गर्न नागरिकले विभिन्न माध्यमबाट गरेको संघर्षको सफलतास्वरूप २०६५ जेठ १५ को संविधानसभा बैठकले गणतन्त्र नेपालको घोषणा गरेको थियो । यस अर्थमा नेपालीले आफूलाई चेतनशील नागरिकका रूपमा अभिलिखित गरेको १७ वर्ष पूरा भएको छ । नेपाली जनतालाई स्वतन्त्रता, उदार सामाजिक न्यायसहितको समावेशी समानुपातिक लोकतान्त्रिक गणतन्त्रसहित नागरिक सर्वोच्चता प्राप्त भएको त्यो दिनलाई नेपाली जनताले गणतन्त्र दिवसका रूपमा मनाउँदै आएको छ । यो वंशीयतन्त्रलाई जनताले जितेको उत्सव पनि हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रले समुन्नत भविष्यका लागि एकताबद्ध भएर अगाडि जान जनतालाई सम्पूर्ण राजनीतिक अधिकारको सुनिश्चित गरेको छ । नागरिकका समस्या शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात, सामाजिक सुरक्षाको प्रत्याभूतिसहित गरिबीको अन्त्यसँगै विश्वमञ्चमा नेपाल र नेपालीको प्रतिष्ठालाई उँचो बनाउनुपर्ने लोकतान्त्रिक गणतन्त्रको प्रथम कार्यभार रहेको छ । जनअपेक्षा र जनभावनाअनुरूप चल्नु नै गणतान्त्रिक संविधानको मूल भावना भएकाले आमनागरिकको अधिकारप्रति अटुट आस्था राख्दै गणतान्त्रिक व्यवस्थालाई लोकतन्त्रको पोषकका रूपमा स्थापित गर्न पनि उत्तिकै आवश्यक छ । लोकतान्त्रिक गणतन्त्र राजनीतिक व्यवस्थामात्र नभई शासकीय पद्दति र जीवनशैली भएकाले उदारवादी आदर्शको उपजका रूपमा हेरिने गरिएको छ । यसरी राजनीतिक अधिकार प्राप्तिपछि अब मुलुकले सुशासन, विकास र अर्थतन्त्रमा सुधार खोजिरहेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको आधारस्तम्भका रूपमा नेपालमा संघीयता, धर्मनिरपेक्षता तथा समानुपातिक समावेशी शासन प्रणालीको पनि अभ्यास गरिएको छ । यो व्यवस्था जति छिटो नागरिकसँग जोडिन्छ, सैद्धान्तिक उपलब्धि जति बृहत् र व्यावहारिक उपलब्धिमा परिणत हुने छ, गणतन्त्र उति नै बढी बलियो, सशक्त र संस्थागतमात्र होइन, आर्थिकरूपले सबल र समृद्ध राष्ट्रका रूपमा रूपान्तरण हुन्छ । वास्तवमा कुनै पनि मुलुकको समृद्धि एक बहुआयामिक विकासको परिणाम हो । समृद्धि भनेको आर्थिकरूपले सम्पन्न हुनु र सामाजिकरूपले सुखमय जीवन हासिल गर्नु नै हो । अर्थात् समृद्ध मुलुकमा भएको विकासले नागरिकको सभ्य, स्वस्थ र धनधान्य गुणस्तरीय खुसी जीवन र सन्तुष्टि प्राप्त गर्नु हो ।

राजनीतिक स्वतन्त्रता र निर्भयतापूर्ण अभ्यासको सुनिश्चित, आधारभूत आवश्यकताको परिपूर्ति र आर्थिक स्वतन्त्रता, शासन प्रक्रियामा नागरिक सहभागिता, सर्वांगीण विकास, वातावरणीय दिगोपना र सुशासन समृद्धिका आधार भूत पक्ष हुन् । त्यसैले समृद्धि हासिल गर्नु भनेको वर्तमान पुस्ताका साथै भावी पुस्ताको जीवन पनि सुखमय बनाउनु हो । नेपालको संविधानले दिगो शान्ति, सुशासन, विकास र समृद्धि हासिल गर्ने उद्देश्य राखेको छ भने सोका लागि १६औं पञ्चवर्षीय योजनाले समृद्धि र सुख प्राप्त गर्ने लक्ष्य लिएको छ । तर समृद्धि सजिलै प्राप्त हुने विषय होइन, यसका लागि वर्षौं प्रयत्न गर्नुपर्ने पनि हुनसक्छ । सरकारको प्रतिबद्धता, सक्रियता, उत्तरदायित्व र धैर्य, कर्मचारीतन्त्रको इमानदार कर्मशीलता तथा नागरिकको सहभागिता नभएसम्म समृद्धि हासिल हुन सक्दैन ।

यसका साथै समृद्धिका लागि आमनागरिकको मौलिक हकअधिकारको उपयोग गर्ने कार्यलाई सुरक्षित वा प्रवर्द्धन गर्नुपर्छ र यो संघीय लोकतान्त्रिक गणन्त्रात्मक शासन प्रणालीमा मात्र सम्भव हुन्छ । नागरिकका लागि नागरिकको सहभागितामा नागरिकले गरेको विकास नै लोकतान्त्रिक विकास हो । नागरिकको सार्वभौम अधिकार प्रयोग गरी निर्माण गरेको सरकार नागरिकको हितभन्दा बाहिर गएर काम गर्न सक्दैन । नागरिकले विकासको माग गर्ने र सरकार नागरिकका माग पूरा गर्न समर्पित हुने उत्तरदायी प्रणाली संघीय लोकतान्त्रिक गणन्त्रात्मक व्यवस्थामा मात्र सम्भव हुन्छ ।

शासन प्रणाली, विकास र सार्वजनिक सेवा प्रवाहमा उत्तरदायित्व, पारदर्शिता, सहभागिता, नीतिगत स्थायित्व तथा विधिको शासनको खोजी गर्न नागरिक सक्षम हुनु संघीय लोकतान्त्रिक गणन्त्रात्मक शासन प्रणालीको योगदान हो । उदारवाद शासन प्रणालीमा सरकारले निजी क्षेत्रलाई काम गर्ने स्पष्ट खाका दिएको हुन्छ । विकासको संघीय लोकतान्त्रिक गणन्त्रात्मक प्रणालीले आमनागरिकलाई केन्द्रमा राखेर सरकार, निजी क्षेत्र तथा नागरिक समाज विकासका लागि हातेमालो गर्दछन् । राजनीतिक र आर्थिक अधिकार प्रयोग गर्नसक्ने गरी नागरिकको सशक्तीकरण गरिएको हुन्छ । नागरिक विकास प्रक्रिया र परिणाममा सहभागी बन्न र सम्पूर्ण उपलब्धिको आलोचना गर्न स्वतन्त्र हुन्छन् । यसकारण समग्रमा सहभागितामूलक विकास दिगो र लोकतान्त्रिक हुन्छ । लोकतान्त्रिक विकास सुशासन र समृद्धिको पक्षधर पनि हो ।

राजनीतिक दृष्टिमा कोही जन्मिँदै विशिष्ट हुने, कसैले नागरिकको दर्जासमेत नपाउने अवस्था यो व्यवस्थामा हुँदैन । समान राजनीतिक धरातलमा जनविश्वास आर्जन गर्ने व्यक्ति वा पार्टीले जनताको नेतृत्व गर्छन् र आफ्ना निर्णय तथा गतिविधिका निम्ति आम निगरानीमा बस्छन् । त्यसैले गणतन्त्र नागरिकबीचको एकता र एकताबाट निर्धारित सामूहिक लक्ष्यतर्फको यात्रा हो । मुलुकमा गणतन्त्र घोषणापछि नागरिकको शिक्षा र स्वास्थ्यमा पहुँच बढेको छ । प्रतिव्यक्ति आय र क्रयशक्ति बढेको छ । यसले गर्दा मानिसका आकांक्षा पूरा हुने सम्भावना बढेको छ । राज्यको निकायमा उल्लेखनीय संख्यामा रोजगारी सिर्जना हुन नसकेको भए पनि निजी क्षेत्रका कारण रोजगारीको क्षेत्र र संख्यामा बढोत्तरी भएको छ । व्यक्ति स्वयंले आफ्नो क्षमताअनुसार नयाँ व्यवसाय सुरु गर्ने वातावरण तयार भएको छ । अन्तर्राष्ट्रिय समुदायसँगको सम्पर्क र अनुभव आदानप्रदान बढेको छ । बाटोघाटोको पहुँच बढेको छ । गणतन्त्र अगाडि सीमित सहरी वर्गको पहुँचमा रहेको सूचना प्रविधिमा त अहिले क्रान्ति नै आएको छ । आज गाउँघरमा मानिससमेत सूचना प्रविधिका माध्यमबाट संसारसँग जोडिएका छन् ।

> सुशासन, विकास र समृद्धिका लागि सक्षम सरकारको आवश्यकता पर्दछ । सक्षम सरकारका लागि शासन प्रणालीमा व्यापक सुधार गर्नुपर्ने हुन्छ । त्यसका लागि लोकतान्त्रिक वातावरणमा जनताको जीवनस्तर उकास्न उत्पादन वृद्धि, अवसरको न्यायोचित वितरण, रोजगारी प्रवर्द्धन एवं सुशासन कायम गर्नुपर्ने दायित्व राज्य सञ्चालनका तीनवटै तहका सरकारको जिम्मेवारी छ । यसका लागि नीतिगत तथा कानुनीरूपमा राम्रो वातावरण बनाउनुपर्छ ।

यसैगरी अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित छ । शासकप्रति नागरिकको निगरानी बढेको छ । यी सबै सूचकले गणतन्त्रको अपरिहार्यता देखाएको छ । यसलाई अझ बढी जनकेन्द्रित बनाउनुपर्ने आवश्यकता छ । गणतन्त्रको सैद्धान्तिक मर्मअनुसारकै शासकीय अभ्यासका लागि भने गणतन्त्रको परिपक्वता अनिवार्य छ । अभ्यासका क्रममा देखिएका विकृति र बेथितिलाई नष्ट गर्दै अघि बढ्न आवश्यक छ । १७ वर्षको अनुभवमा संघीय लोकतान्त्रिक गणन्त्रात्मक शासन प्रणालीलाई सशक्त, प्रभावकारी र जनकेन्द्रित बनाउनका लागि अवरोध सिर्जना गर्ने समस्याको पहिचान नागरिकले गरेकै छन् ।

गणतन्त्रले सार्वजनिक सेवा प्रवाहमा आज जति धेरै योगदान गर्न सक्थ्यो, त्यति नहुनुमा दल र नेता नै जिम्मेवार छन् । अपरिपक्व राजनीति तथा सार्वजनिक प्रशासनले सुशासनको अनुभूति दिन नसक्दा हाम्रो विकास लक्ष्यलाई परिणाममा रूपान्तरण गर्न नसक्दा संघीय लोकतान्त्रिक शासन प्रणालीले ठूलो मूल्य चुकाउनु परिरहेको छ । यसले गर्दा नागरिकमा गणतन्त्रको नयाँपन अनुभूत हुनै पाएन । गणतन्त्रमा पनि राजनीतिक दल र नेतृत्वमा जवाफदेहिताको अभाव रहयो । नागरिकले आलोचना गरेका कयौं निर्णयहरू उनीहरूले आफ्नो शक्ति र बलमिच्याइँका आधारमा गरेका छन् । नेतृत्वको जीवनशैली अपारदर्शी छ । आर्थिक पछौटेपनमा बाँच्नुपर्ने र भ्रष्टाचार, अनैतिकता र असुरक्षा टुलुटुलु हेरेर बस्नुपर्ने स्थिति देखिएको छ । असल सरकार र असल व्यवहारको योगफललाई सुशासन भनिन्छ । संयन्त्र बलियो र व्यवहार राम्रो भयो भनेमात्र सुशासन, विकास र समृद्धिको ढोका खुल्छ ।

राज्यको शासन प्रणालीमात्र परिवर्तन गरेर सुशासन, विकास र समृद्धि हासिल हुँदैन । सरकार नेतृत्व गर्ने राजनीतिक दल र नेतृत्वको व्यवहार पनि सुशासन, विकास र समृद्धि अनुकूल हुनुपर्दछ । सरकारले देशको राजनीतिक, आर्थिक र सामाजिक अवस्थाको मूल्यांकन गरेर सुशासनका सिद्धान्त अवलम्बन गर्दै गएको खण्डमा सुशासन, विकास र समृद्धिले गति लिने स्पष्ट देखिन्छ । सुशासन, विकास र समृद्धिका लागि राजनीतिक र प्रशासनिक नेतृत्वलगायत नागरिक समाज र आमनागरिकको दृष्टिकोणमा नै परिवर्तन हुनुपर्दछ । त्यसैले विकास र समृद्धिका लागि असल सरकार, राष्ट्रिय संगठनहरूको प्रतिस्पर्धात्मक क्षमताको विकास, सामाजिक पुँजी (मानव संसाधनको ज्ञान, सीप र क्षमताको विकास) निर्माण, सानो तर सक्षम सरकार, सुधारोन्मुख प्रशासन र लोकतान्त्रिक शासनको सुअभ्यास, सुव्यवहारजस्ता रणनीति अवलम्बन गरेमा मात्र मुलुकमा सुशासन, विकास र समृद्धि भित्र्याउन सकिन्छ ।

सुशासन, विकास र समृद्धिका लागि सक्षम सरकारको आवश्यकता पर्दछ । सक्षम सरकारका लागि शासन प्रणालीमा व्यापक सुधार गर्नुपर्ने हुन्छ । त्यसका लागि लोकतान्त्रिक वातावरणमा जनताको जीवनस्तर उकास्न उत्पादन वृद्धि, अवसरको न्यायोचित वितरण, रोजगारी प्रवर्द्धन एवं सुशासन कायम गर्नुपर्ने दायित्व राज्य सञ्चालनका तीनवटै तहका सरकारको जिम्मेवारी छ । यसका लागि नीतिगत तथा कानुनीरूपमा राम्रो वातावरण बनाउनुपर्छ । निजी क्षेत्रले जनताको हित हुनेगरी लगानीको अवसर उपयोग गर्नुपर्छ । नागरिक समाजले शासन प्रक्रियामा आमनागरिकको रचनात्मक सहभागितालाई परिचालन गर्न सक्नुपर्छ ।

आजको पुस्तालाई बलियो अर्थतन्त्रसहितको समृद्धि सुनिश्चित गर्दै आउने पुस्तालाई सबल, एकताबद्ध, मौलिक चरित्रसहितको उदार राज्य र उच्चतम लोकतान्त्रिक संस्कृति दिने संकल्प सरकार, राजनीतिक दल, त्यसका नेतृत्व, निजी क्षेत्र र नागरिक समाजलगायत सबैले गर्नुपर्दछ । समाजका सबै तह र तप्कामा गणतान्त्रिक जीवनशैली विकास भई नागरिक तहमा गणतन्त्र संस्थागत गर्ने जागरण पैदा गराउनुपर्ने आजको आवश्यकता छ । लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाले विकास, सुशासन, समृद्धि र राष्ट्रिय स्वाभिमानलाई केन्द्रबिन्दुमा राखेर हरेक नेपाली नागरिकलाई राष्ट्र निर्माणमा समेट्न सक्नुपर्ने अर्जुनदृष्टि सबै राजनीतिक दल र प्रशासनिक नेतृत्वमा हुनुपर्दछ । *रासस*

# व्यवस्था परिवर्तनले के हुन्छ ?






बैकुण्ठ भण्डारी

सिफल चौर । राजावादीहरूलाई आन्दोलन गर्न सरकारले तोकेको क्षेत्र । त्यही सिफल चौरको छेवैमा छ भण्डारखाल जंगल । कतिपयले त्यही भण्डारखाल जंगल (बगैंचा) मा जंगबहादुरले आफूलाई मार्न षडयन्त्र गर्ने आफ्न दरबारभित्रैका दुस्मनलाई हत्या गरेको भन्छन् । अनि त्यही हत्याकाण्डलाई भण्डारखाल पर्वको नाम दिएको पनि चर्चा गर्छन् । २०८२ साल जेठ १५ गते देशमा गणतन्त्र दिवस शक्तिशाली दुई दल नेतृत्वको सरकारले कसरी मनायो भन्नै पर्दैन । सरकारमा भएका मन्त्री, सांसद टुँडिखेलमा पुगे, नेपाली सेनाले अनेकन प्रदर्शनी गऱ्यो, मञ्चमा बस्ने दंग पर्दै हेरे । गणतन्त्र दिवस सकियो ।

एकातिर नेपाली सेनाको टुकडीले गणतन्त्र दिवस मनाएर सकिँदै गर्दा त्यसैको छेउ रत्नपार्कमा राजसंस्थावादी समूहले गणतन्त्र मुर्दावादको नारा घन्काइरहेको थियो । एक दिन बित्यो, दुई बित्यो सडकमा मान्छेहरूको भीड पनि देखियो । पञ्चायत नभोगेका, निरंकुशतन्त्र नदेखेका अनि लोतकन्त्रमा भ्रष्टाचार, बेथिति अनि बेरोजगारीका कारण विदेश पलायन हुन बाध्य पार्न खोजिएका युवाहरू 'राजा आऊ, देश बचाऊ' भन्दै थिए ।

सरकार व्यवस्था परिवर्तन गर्ने आन्दोलनलाई नियन्त्रणमा लिनेभन्दा पनि आन्दोलन गर्ने ठाउँहरूमा निषेधाज्ञा लगाउँदै, धकेल्दै बल्खु र सिफलचौर पुऱ्याउँदै थियो । त्यही चौरको उत्तर पश्चिम कुनामा रहेको सायद शताब्दी काटिसकेको एउटा बूढो पिपलको रुख रमिता हेर्दै थियो ।

बूढो पिपलको रुखमात्र होइन, पिपलको रुखबाट थोरै मुन्तिर पुरानो घरको भुइँतलामा झ्वाट्ट हेर्दा भट्टीजस्तो देखिने चिया पसलमा सेतै कपाल फुलेका तीनजना पनि हेरिरहेका थिए । उनै नवराजजस्तै चार बिसा कटिसकेका होलान् । अनि राजतन्त्रहुँदै पेन्सन खान सुरू गरिसकेका रहेछन् । पञ्चायत भोगेका, प्रजातन्त्रमा रसस्वाद गर्दै छोराछोरी विदेश बसाइ सारिसकेका अनि लोकतान्त्रिक पेन्सनमा अड्किएर उमेर कुरेर बसिरहेका ।

त्यही बूढो पिपलको बोटबाट चार बिसा काटिसकेका नवराज राजा ल्याउने भन्दै जेठ १५ गते जीपमाथि बसेर रत्नपार्क धाउँदै थिए । 'विचरा स्वास्थानी व्रतकथामा पो लावण्य देशका नवराजलाई हात्तीले माला लगाइदिएर राजा बनाइएको थियो । यी नवराजले के राजा ल्याउँलान् र ?' धर्के सटमा कालो स्टकोट र कालै टोपी लगाएका उही नवराजकै उमेरका व्यक्तिले चिया घुट्को सुरूपप पारेर बोले । काँचको गिलासमा रहेको चियामा सेल चोपेर फुस्केको दाँतले अलिअलि चपाउँदै अर्का वृद्धले मुख खोले, 'यिनले के ल्याउँछन्, जीवनभर दरबारको जुठो खाएर तर मारे, पछि त्यही राजाका विरुद्ध अनेकथरि लेखे, यिनले त के ल्याउँलान् राजा । यो त देखाउने दाँतमात्र हो नि ! ल्याउने त उही दक्षिणतिरकाले नै हो ।'

निधारमा ठाडो टीका लगाएका अर्का पातले बूढाले प्रश्न गरे, 'राजा आए रातारात परिवर्तन हुन्छ ?' व्यवस्था परिवर्तनले केही हुँदैन जबसम्म अवस्था परिवर्तन हुँदैन, मुलुक कहिल्यै पनि बन्दैन । देश हाँक्ने जिम्मेवारी हामीले पाएका हैनौं ? राजतन्त्र, प्रजातन्त्र अनि गणतन्त्र तीनवटै चलाएका हैनौं ? के गरेका थियौं हामीले ? व्यवस्थालाई दोष दिएर हुन्छ र भन्या !'

यिनका कुरा सुनेर दुवै बूढाको मुख बन्द भयो । सायद सिफलको बूढो पिपलको बोटले पनि त्यही भन्दै थियो होला । ठाडो टीका लगाएका वृद्धले फेरि थपे, 'पदमा रहुञ्जेल मुलुकका लागि कहिल्यै पनि सोचेनौ, कुन फाइलबाट कति कमिसन आउँछ, छोराछोरीलाई महँगो विद्यालयमा पढाउने र अमेरिका अस्ट्रेलिया पढाउनेबाहेक के सोच्यौं ?

धर्के सट लगाएका बूढाले शिरको टोपी फुकाले । तातो चिया एक घुट्को सुरूपप पिए । देब्रे हातको नाडीले पसिना पुछे । अनि भने, 'त्यो त हो, वास्तवमा भन्ने हो भने सबै व्यवस्था हामीले नै चलायौं तर जुन नेतालाई पनि हामीले नै घुमायौं । उनीहरूलाई पनि धनी बनायौं हामी पनि धनी बन्यौं । अनि देश रित्तो बनायौं । राजतन्त्र आओस् कि गणतन्त्र जाओस् । चलाउने उही प्रशासन संयन्त्रले नै हो । शिरमात्र फेरिएर परिवर्तन कसरी होला र ? हात गोडा उही हो !

छेवैमा दुईजना युवा मोबाइलमा कुन्नि के 'गेम' खेलिरहेका थिए । उनीहरूलाई तीनजना वृद्धले गरेको कुराकानीमा कुनै मतलब नै थिएन । 'ढिच्याऊँऽ डिच्याऊँ' यस्तै-यस्तै सानो आवाज मोबाइलबाट आइरहेको थियो । सायद उनीहरू 'पप जी' खेलिरहेका थिए । कसैले जुलुसमा जाउँ भनेर आएका यिनीहरू जुलुसमा सहभागी भएर खाजा खाने निहुँमा खुसुक्क त्यही पसलमा छिरेका रहेछन् । अनि गेमको तलतलले पसलभित्र छिरेका रहेछन् । अहिलेको युवा पुस्ता यस्तै मोबाइल गेमका कारण पनि मानसिकरूपमा वीक्षिप्त बनिरहेका छन् । उनीहरूलाई राजा आओस् कि नआओस्, प्रधानमन्त्री जोसुकै बनोस् मतलब छैन । केवल चिन्ता छ रोजगारीको । दुवै सँगै भएर पनि मोबाइलमा 'हानऽ हान' भन्दै गर्दा तीनै जना वृद्धले एकै स्वरमा भने, 'के भो बाबु ?' उनीहरू ङिच्च हाँसे !

बाहिर चार बिसा काटेका नवराज राजा ल्याउन हिँडेका थिए । चिया पसलका दारीवाल भाइ समोसा बनाउँदै थिए । सायद उनकी पत्नी होलिन् मोबाइल हेर्दै थिइन् । मोबाइलमा फेसबुक, युटचुब के हेर्दै थिइन् । युटचुबरहरू घोक्रो सुक्ने गरी चिच्याउँदै प्रत्यक्ष प्रसारण भन्दै राजावादीहरूको आन्दोलन र प्रहरीबीचको झडप हुने भन्दै कराइरहेका थिए । त्यही हेरेर उनी भन्दै थिइन, 'आज पनि अस्तिकै जस्तो होला जस्तो छ ?

एकातिर राजा ल्याउने नवराजका कार्यकर्ता अर्कोतिर देश हाँकिरहेको प्रधानमन्त्रीको पार्टीका कार्यकर्ता । बीचमा नेपाल प्रहरी । सत्ताका लागि दुवै मरिहत्ते गरेका ! हिजो राजाले शासन चलाए जनताले के पाए ? राजा हटाए, गणतन्त्र ल्याए जनताका छोरा राष्ट्रपति, शक्तिशाली प्रधानमन्त्री भए । जनताले के पाए ? महँगी, अन्याय, अत्याचार, भ्रष्टाचार, बेरोजगारी ! आखिर जुन जोगी आए पनि कानै चिरेका भन्ने उखान ठिकै त रहेछ त ? ठाडो टीका लगाएका वृद्ध दुई सँगैका मित्रलाई सुनाउँदै थिए ।

धर्के सट लगाएका वृद्धले घुँडामा राखेको टोपी शिरमा लगाउँदै भने- कुरा ठिकै हो व्यवस्था फेरिएर के भो, व्यवस्था चलाउने फेरिने होइनन् ! जुन तन्त्र आए पनि व्यवस्था चलाउने कर्मचारी, राजनीतिको भागबण्डा गर्ने शासक उही भएपछि दुःख पाउने त उही जनताले नै हो नि । व्यवस्था फेरिए पनि अवस्था फेरिने भए पो खुसी हुनु ? ल म गएँ है भोलि भेटौंला ।

उनी जुरुक्क उठे, र गए ।

ठाडो टीका लगाएका बूढाले भने, 'लौऽलौ हामी पनि जान्छौं सबै गए । नवराजको नेतृत्वले राजतन्त्र ल्याउँला नल्याउँला । व्यवस्था परिवर्तन होला वा नहोला ! मुलुक र आमनागरिकको अवस्था परिवर्तन गर्नतिर पो लाग्ने कि ?'

# सार्वजनिक सवारीसाधन नचल्दा यात्रुलाई सास्ती



**नवलपुर (नवलपरासी)–** निजी प्रयोजनका लागि दर्ता गरिएका रातो नम्बर प्लेटको सवारीसाधनलाई गण्डकी प्रदेश सरकारले भाडाका सवारीसाधनसरह प्रयोग गर्न दिन लागेको भन्दै यातायात व्यवसायीले गरेको आन्दोलनका कारण यात्रुले सास्ती पाएका छन् ।

गण्डकी प्रदेश सरकारले गरेको निर्णयको विरोधमा व्यवसायीले यात्रुवाहक सार्वजनिक सवारीसाधन ठप्प पार्दा यात्रुहरूले सास्ती पाएका हुन् । यात्रुबाहक सवारीसाधन सञ्चालन नभएपछि छोटो दूरीको यात्रा गर्ने यात्रु पैदल तथा तीन पांग्रे अटोरिक्सा र राइड सेयरिङमार्फत गन्तव्यतर्फ लागे पनि टाढा जाने यात्रु सडक किनारमा सवारीसाधनको प्रतीक्षामा बसेका देखिन्थे । चर्को घाममा राजमार्गको छेउमा सवारीसाधन कुरेर बस्दा निकै सास्ती खेप्नुपरेको यात्रुको गुनासो थियो ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटबाट बुटवलका लागि हिँडेकी राधिका क्षेत्रीले गाडी नचल्दा निकै दुःख पाएको बताइन् । उनी काखमा नाबालक छोरा बोकेर सवारीसाधन कुरिरहेकी थिइन् । 'चर्को घाममा गाडी कुरेर बस्नुपरेको छ, उता गर्मीले बच्चा रोइरहेको छ,' उनले भनिन्, 'जानैपर्ने काम भएर बुटवल हिँडेको गाडी कुरेर तीन घण्टा भइसक्यो ।'

यात्रु बस बन्द भए पनि मालबाहक ट्रकमै यात्रा गर्न ट्रक रोक्दा उनीहरूलेसमेत लैजान नमानेको क्षेत्रीको भनाइ छ । 'जसले जे माग राखेर आन्दोलन गर्दा पनि यात्रुले दुःख पाउँछन्,' उनले भनिन्, 'अत्यावश्यक सेवा मानिने सार्वजनिक सवारीसाधन बन्द गर्न नपाइने नियमकोसमेत पालना हुनसकेको छैन ।'

बुटवलका केशव शर्मा वैदेशिक रोजगारबाट फर्किएर राति नारायणघाटमा बास बसेर बिहान बुटवल जान खोज्दा गाडी नपाएको बताए । 'हिजो आउँदा राति भयो, थकाइ लागेकाले नारायणघाटमा बास बसेँ,' उनले भने, 'बिहान उठेर बुटवल जान गाडी कुर्दा गाडी नपाएपछि हिँडेर गैंडाकोटसम्म आएको छु, अहिले घर पुग्ने बेला भइसक्यो तर यतिकै बस्नुपरेको छ ।'

यातायात व्यवसायीको सम्बोधन नहुने कुरामा सवारीसाधन बन्द गरेर यात्रुलाई दुःख दिन नहुने शर्माले बताए । केही यात्रु भने राइड सेयरिङ र तीन पांग्रे अटोमार्फत चर्को भाडा तिरेर गन्तव्यमा जान राजमार्गमा आउँदा सार्वजनिक सवारीसाधन नचलेपछि दुःखी देखिन्थे ।

'चितवनको टाँडीबाट पठाओ गरेर यहाँसम्म आएँ,' गुल्मीका प्रिन्स शाहीले भने, 'बिहान ५ बजे गैंडाकोट आइपुगेको अहिलेसम्म गाडी चलेको छैन, घरमा छोरो आउँछ भनेर आमाबाले बाटो कुर्दै होलान् ।' गाडी बन्द हुन्छ भन्ने थाहा नभएर घरमा जान हिँडेको भन्दै शाहीले सरकारले व्यवसायीको कुरा नसुन्दा आफूहरूले दुःख पाएको गुनासो गरे ।

'सरकारले व्यवसायीको माग सुनिदिएको भए बन्द हुने थिएन होला,' उनले भने, 'नेपालमा आफ्नो माग पूरा भएन भने बन्द गऱ्यो, आन्दोलन गऱ्यो । यो त चलेकै रीति हो । तर, यात्रुहरूलाई कहाँ जानु छ, बिरामी हुन्छन्, काममा जानुपर्छ यसबारे नसोचेपछि दुःख पाउने हामी जनताले नै हो ।' आफ्नो माग पूरा गराउने नाममा बन्द गर्नु राम्रो पक्ष नभएको उनको भनाइ छ ।

यातायात व्यवसायी भने आफूहरूले यात्रुलाई दुःख नदिएको दाबी गर्दै आएका छन् । यातायात व्यवसायी दीपक मिश्रले सरकारले आफूहरूको कुरा नसुनेसम्म र निजी प्रयोजनका लागि खरिद गरिएको सवारीसाधनलाई यात्रु बोक्न दिने निर्णय नसच्याएसम्म गाडी नचलाउने बताए । 'भाडाको गाडीले मात्रै सवारी बोक्न पाउनुपर्छ, निजी प्रयोजनका लागि दर्ता भएका सवारीसाधनलाई यात्रु बोक्न दिनु हुँदैन,' उनले भने, 'हाम्रो यो माग सम्बोधन भयो भने गाडी खुल्छ होइन भने हाम्रो बन्द अनिश्चितकालीन हो ।'

सार्वजानिक यातायात बचाउ केन्द्रीय संघर्ष समितिले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै सोमबारदेखि देशभर यात्रुवाहक सार्वजनिक सवारीसाधन अनिश्चितकालका लागि ठप्प परेको जनाएको थियो । व्यवसायीले राखेको मागप्रति सरकार गम्भीर नबन्दा गरिएको सवारीसाधन बन्दले देशभरका यात्रुहरूले दुःखमात्रै पाएका छैनन् अत्यावश्यक कामसमेत ठप्प भएको छ । *रासस*

# बिरामी कुकुर ओसार्न एम्बुलेन्स सहयोग

■ दामोदर खनाल



**रूपन्देही-** छाडा छोडिएका, विभिन्न कारणबाट चोटपटक लागेका बिरामी कुकुरको उपचार गर्न निजी क्षेत्रबाट रूपन्देहीको देवदहस्थित चरंगेमा उपचार केन्द्र स्थापना गरिएको छ ।

एसिया पार्वती फाउण्डेसन, अल केयर नेपालले देवदहमा स्थापना गरेको यो उपचार केन्द्रमा हाल रूपन्देहीको देवदह, बुटवल, तिलोत्तमा सैनामैनाका करिब चार दर्जन कुकुरले उपचार पाइरहेका छन् ।

उपचार केन्द्रको उद्घाटन गर्दै देवदह नगरपालिकाका प्रमुख ध्रुवप्रसाद खरेलले कुकुरको उपचारका लागि उपचार केन्द्र खोलेर पवित्र काम भएको बताउँदै नगरपालिका यस्तो सामाजिक काममा सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाए । नगरप्रमुख खरेलले उपचार केन्द्रको भवन उद्घाटन गर्दै एम्बुलेन्सको साँचोसमेत हस्तान्तरण गरे ।

फाउण्डेसनका अध्यक्ष चुन्नप्रसाद पौडेलले कुकुर उपचार केन्द्रको भवन स्थापना गरिएको र संस्थालाई एम्बुलेन्ससमेत हस्तान्तरण भएको बताए । तीन वर्षअघि छ जनाको प्रयासबाट सामान्य रूपमा सुरू भएको यो कुकुर उपचार केन्द्रमा हाल सबै किसिमका सेवा उपलब्ध रहेको उनले बताए ।

संस्थाकी यसोदा मालपानीले कुकुरलाई वर्षमा कुकुर तिहारमा एकपटक मात्र हैन सधैं माया गर्न आवश्यक रहेको बताइन् । उनले यहाँ रहेका कुकुरले चिकित्सक सेवासहित राम्रो आहार र स्याहार पाउने बताइन् । उद्योगी एवं समाजसेवी कमलकिशोर मालपानी, नरिश्वर पौडेल, भूमिश्वर पौडेललगायतले यस उपचार केन्द्रमा सहयोग गर्दै आएका छन् ।

केन्द्रका व्यवस्थाक दीपक रिजालले उपचार केन्द्रमा कुकुरको चिकित्सकबाट शल्यक्रियालगायत सबै उपचार हुने जानकारी दिए । चार कट्ठा क्षेत्रफलमा फैलिएको यो उपचार केन्द्रमा हाल करिब चार दर्जन कुकुरको उपचार भइरहेको उनले बताए ।

---

## Nechasalyan Rural Municipality
## Office Of The Rural Municipal Executive

Nechabetghari, Solukhumbu
Koshi province, Nepal

**Letter Of Intent**

**Date of Publication: 2082/02/19**

This is to notify as per per section 27(2) of Public Procurement Act 2063 to all concerned bidders, successful in bid under PPMO's E-procurement portal, Following bids published on 2082/01/14 that the "Letter of Intent" has been issued in favor of following bidders who are selected on technical and financial bid having substantially responsive lowest evaluated bid price.

| S. N. | Contract ID No | Name Of The Project | Substantially Responsive Lowest Evaluated bidder | Bid Amount With VAT |
|---|---|---|---|---|
| 1 | NCB/WORKS/ NSRM-06-2081/082 | Procurement of Construction of Tourism Infrastructure In Aahale Nechasalyan R.M. 01, Solukhumbu | Betghari Kalika Services Pvt.Ltd. | NRs. 1830752.3 |

**Chief Administrative Officer**

---

प्रदेश सरकार
**सुदूर पश्चिम प्रदेश**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**

## महाकाली प्रादेशिक अस्पताल

**महेन्द्रनगर, कञ्चनपुर**

**बोलपत्र स्वीकृती सम्बन्धी आशयको सूचना**

सूचना प्रकाशित मिति : २०८२/०२/२० (03 June, 2025)

महाकाली प्रादेशिक अस्पतालबाट तपशिलमा उल्लेखित कार्यका लागि मिति २०८१।१२।२६ गते प्रकाशित सूचना अनुसार धधध.दयउिबतचब.नयख.लउ/भनउ मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ र सोही ऐनको दफा २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि. नं. | कामको विवरण र ठेक्का नम्बर | सारभूत रुपमा सफल बोलपत्रदाताहरु | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १. | Supply , delivery, installation and commissioning of Color Doppler Ultrasound with echo machine at Mahakali Provincial Hospital, Kanchanpur (IFB No. MPH/NCB/G/2081/082/06 | Max Meditech System Pvt ltd ,Kathmandu | ४६०००००।०० |

**डा. अर्जुन भट्ट**
**निमित्त मेडिकल सुपरिटेन्डेन्ट**

---

Sudurpashchim Provincial Government
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Provincial and Local Road Improvement Program (PLRIP)**

## Provincial Project Management Unit (PPMU)

**Dhangadhi, Kailali**

## Re-Invitation for Electronic Bids

**Date of Publication :** 03 June, 2025 (2082/02/20)
**First Date of Publication :** 17 April 2025 (2082/01/04)

1. Provincial Project Management Unit (PPMU), Dhangadhi, Kailali re-invites electronic Bids from all eligible Nepalese Bidders for **the Procurement of 4WD Hardtop Jeep and 4WD Double Cab Pickup** with details as follows:

| S. N. | Contract Identification No | Description of Goods | Estimated Amount (NRS) [Including VAT] |
|---|---|---|---|
| 1. | PLRIP/SUPA/G/VH/01/2081-082 | Procurement of One Unit of 4WD Hardtop Jeep and One Unit of 4WD Double Cab Pickup | 1,19,99,000.00 |

**Note :** For Further details and downloading of bidding document, Please visit PPMO's **website** www.bolpatra.gov.np/egp.

**Project Manager**

---

**मुक्तिनाथ कृषि कम्पनी लि.**
**MUKTINATH KRISHI COMPANY LTD.**
An Associate Company of Muktinath Bikas Bank

Basundhara Ringroad, Kathmandu
info@muktinathkrishi.com
+977-01-4950097 / 984-2777744 / 980-2350125

## REQUEST FOR EXPRESSION OF INTEREST (EOI)

**MUKTINATH KRISHI COMPANY LTD. Invites expression interest (EOI) from new potential supplier/Vendors for enlistment to supply various goods and services categorized below for the fiscal year 2082/83 within asadh 3rd, 2082.**

| S.No | Category | Sub Category |
|---|---|---|
| 1. | Printing & Stationery | • General printing including Note Book, Promotional Materials, etc.<br>• Pre-Printing stationeries ATM-related Blank Card's Supply, Punching & Pin mailer Prints & Supply<br>• Stationery Goods-Photocopy & Continuous Paper, Receip, Bharpai, Requisition, etc.<br>• Printer Toner, Printer Ribbon & Printing Cartridge<br>• Staff Identity, Blank Card, Card Holder, and Printing Works. |
| 2. | Furniture & Security Equipment | • Metal Furniture-Defender Safe, Fire Proof Filling Cabinet, Safe, Locker, Vault Room door & Skeleton racks, Filling Cupboard, Ordinary metal Filling cabinet, steel cabinet with transparent glass swing door,cash boxes, chairs, etc.<br>• Wooden furniture |
| 3. | Computer & Accessories & Allied Products | • Hardware - Component inclusive Desktop Computer, Laptop, Monitor, Printer, Server, Router, Laser Printer, Dot Matrix Printer, Card Embossing Machine, Scanner, Firewall Devices, Parts & , CCTV Camera DVR & other accessories, Alarm System, Hub Switch, etc.<br>• Accessories: External HDD, Internal HDD Key Board Mouse, Dongles, Network Cables, etc.<br>• AMC: AMC of Computer Hardware, Software, UPS, Printer, MICR Printer, CCTV system, connectivity, MICR scanner, air-conditioners, electrical repair & maintenance, etc. |
| 4. | Office Equipment | • AMC: AMC of Computer Hardware, Software, UPS, Printer, MICR Printer, CCTV system, connectivity, MICR scanner, air-conditioners, electrical repair & maintenance, etc.<br>• UPS System, Stabilizer, Generator, Solar System, Air Conditioners, etc. |
| 5. | Construction / Renovations and Engineering Services | • Collateral Valuation Services (Existing Valuators do not require to apply for the further listing process)<br>• Interior Construction, Branch Renovation & Similar Project Works.<br>• Consulting firm for other service. |
| 6. | Insurance Services | • Goods, Stock, Warehouse, Bulgarian, Theft, and other related subjects.<br>• Official Fixed Assets: Fire, Electrical Shot, Natural Disaster, Bulgarian, and other related subjects.<br>• Staff: Accidental and Medical insurances, Life Insurance |
| 7. | Human Resource Suppliers and Training / Consulting | • Security Guard, Drivers, Office Cleaners, Messengers, etc.<br>• HR Consulting and Training Providers |
| 8. | Consulting and Training Firm/Institution | • Research and Development Consultancy<br>• Financial Consultancy |
| 9. | Vehicle, Spares, and Services | • Vehicle (2 wheeler - 4 wheeler)<br>• Spare parts (2 wheeler - 4 wheeler)<br>• Services (2 wheeler - 4 wheeler) |
| 10. | Repair & Maintenance Services & AMC Related Works | • AMC of Computer Hardware, Software, UPS, Printer, MICR Printer, CCTV system, connectivity, card embossing printer, air-conditioners, electrical repair & maintenance etc.<br>• Repair and maintenance furniture<br>• Maintenance & Repair of Generator, Desktop, Laptop, CCTV, UPS, Stabilizer, Air-conditioner<br>• Repair and maintenance Allied Products (Electrical) |
| 11. | Other Services | • Air Ticketing (Domestic & International)<br>• Advertising Agency (Designing, Release, etc.)<br>• Plumbing, Electrical, Carpentry Works<br>• Domestic and International Courier Services/Transportation of goods<br>• Supply and Installation of Sign/Glow/Flex Boards (Backlit & Poly sheets) etc.<br>• Drinking-Water Suppliers<br>• Daily needs grocery kitchen items<br>• Decoration Services and Suppliers of flower indoor plants<br>• Waste Management<br>• Agriculture related product And services. |

Firms/Companies/Suppliers having at least 1 years of experience in related fields may submit their EOI form including following documents.

➤ Firm/Company Registration Certificate (With Validity)
➤ PAN/VAT Certificate
➤ Copy of Tax Clearance
➤ Audited Balance Sheet
➤ Company Profile with reference letters from present clients

Note: Our listed Vendors/Suppliers for Fiscal year 20801/82 who have been facilitating their goods and services. However, they shall submit updated document within stipulated time. Please contact Admin department for any queries.

# प्रभाव दैनिक





### 'फिक्का फिक्का'मा सलोन र करिश्मा

अभिनेता सलोन बस्नेत र करिश्मा केसी बस्नेतले पहिलो पटक एकसाथ म्युजिक भिडियोमा अभिनय गरेका छन् । उनीहरूले गायिका समिक्षा अधिकारी र नायक तथा गायक आमेश भण्डारीको स्वर रहेको 'फिक्का फिक्का'बोलको गीतमा अभिनय गरेका हुन् । प्रेमिल भावमा बगेको यो गीतका शब्दमा सलोन र करिश्माको जोडीलाई अभिनय गराइएको हो । उनीहरूको जोडी यो गीतको भिडियोमा सुहाएको देखिन्छ । यस गीतको शब्द रचना तथा संगीत गायक भण्डारीले गरेका छन् भने म्युजिक एरेन्ज विश्व अधिकारीको छ ।




मंगलबार, २० जेठ, २०८२ (Tuesday, June 03, 2025)


# बन्दीपुरमा विदेशी चलचित्रको छायांकनले व्यवसायी उत्साहित

■ प्रभाव संवाददाता



**दमौली–** तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा विदेशी चलचित्र टासीको छायांकन सुरु भएपछि यहाँका पर्यटन व्यवसायी उत्साहित बनेका छन् । पहिलो सगरमाथा आरोही तेन्जिङ नोर्गे शेर्पाको कथामा आधारित उक्त चलचित्रको आइतबारदेखि बन्दीपुरमा छायांकन सुरु भएको हो ।

बन्दीपुरमा उक्त चलचित्रको छायांकनका लागि बन्दीपुर बजारलाई पुरानो शैलीमा सिङ्गारिएको छ । बन्दीपुरलाई पुरानो दार्जिलिङ बनाएर छायांकन गर्न लागिएको हो । करिब एक साताको तयारीपश्चात् चलचित्रको छायांकन सुरु गरिएको हो ।

बन्दीपुर आसपासका विभिन्न उमेर समूहका करिब ३०० स्थानीयलाई दैनिक रु एक हजारदेखि रु एक हजार ५०० सम्म पारिश्रमिक दिएर कलाकारको रूपमा प्रयोग गरिएको छ । बन्दीपुरमा तीन दिनसम्म चलचित्रको छायांकन हुने जनाइएको छ ।

बन्दीपुरमा विदेशी चलचित्रको छायांकन भएपछि यहाँका पर्यटन व्यवसायी उत्साहित भएका छन् । होटल तथा पर्यटन व्यवसायी किसान प्रधानले विदेशी चलचित्रको छायांकनले यस क्षेत्रको प्रचारप्रसार हुने बताए । चलचित्र टोली एक सातादेखि बन्दीपुरमा बसिरहेको र यसले यहाँको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको उहाँको भनाइ छ ।

चलचित्र छायांकनले यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुग्ने बन्दीपुर भ्रमण वर्ष २०२५ का संयोजक वैशबहादुर गुरुङले जानकारी दिए । उनले भने, 'विदेशी चलचित्रको छायांकनका लागि बन्दीपुर रोजाइमा पर्नु हाम्रा लागि खुसीको कुरा हो, यसले यहाँको पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्नेछ ।'

सन् १९५३ मा आरोही शेर्पाको नेतृत्वमा सर्वोच्च शिखर सगरमाथा आरोह गरिएका कथावस्तुलाई आधार बनाएर चलचित्र निर्माण गर्न लागिएको जनाइएको छ । अमेरिकी कम्पनी एप्पलले यो चलचित्रको निर्माण गर्न लागेको हो ।

# फिलिपिन्समा रोनिशलाई फस्ट रनरअपको उपाधि, आयुष टपटेनमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** फिलिपिन्सको मनिला सहरमा आयोजित अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'रनवे मोडल युनिभर्स २०२५'मा नेपालका रोनिश खड्गीले फष्ट रनरअपको उपाधि जच्न सफल भएको छ ।

३० बढी देशका प्रतियोगीको सहभागी रहेको प्रतियोगिता गत २३ देखि ३१ मेसम्म आयोजना भएको थियो । प्रतियोगितामा उनी नेपालको तर्फबाट एक्लो सहभागी रहेका थिए । प्रतियोगितामा आफुले नेपाली कलासंस्कृति समेत प्रस्तुत गरेको खड्गीले बताए । खड्गी 'मोडल हन्ट नेपाल २०२३'का विजेता हुन् ।

त्यस्तै, फिलिपिन्समै आयोजना भएको 'म्यान अफ द वर्ल्ड २०२५'मा नेपाली आयुष दुलाल भने उत्कृष्ट १० भित्र पर्न सफल भएका छन् । दुलाल 'मिस्टर नेपाल २०२४'मा 'म्यान अफ द वर्ल्ड नेपाल २०२४'को उपाधि विजेता हुन् ।

दुबै प्रतियोगीलाई प्रतियोगितामा नेक्स्ट मोडल्स नेपालकी पठाएको हो । नेक्स्ट मोडल्स नेपालका सिइयो रवि धमलाले आफुले पठाएको प्रतियोगीले अन्तर्राष्ट्रिय क्षेत्रमा नाम राख्न सफल भएकोमा खुसी ब्यक्त गरे । 'अहिलेको उपलब्धिले आगामी बर्षका प्रतियोगीलाई हौसला र सहयोग मिल्नेछ' उनले भने ।





## रंगशाला

### महिला फुटबल

# नेपाल थाइल्यान्डसँग पराजित

■ प्रभाव संवाददाता

**काठमाडौं–** अन्तर्राष्ट्रिय मैत्रीपूर्ण फुटबल खेलमा थाइल्यान्डसँग नेपाल पराजित भएको छ ।

थाइल्यान्डको पथुम थानीस्थित थम्मासत रङ्गशालामा सोमबार सम्पन्न खेलमा घरेलु टोली थाइल्यान्डसँग नेपाल २-० गोलअन्तरले पराजित भएको हो । खेलको पहिलो हाफ गोलरहित बराबरी भएको थियो । दोस्रो हाफमा थाइल्यान्डले दुई गोल गऱ्यो ।

खेलको ५९औं मिनेटमा थाइल्यान्डले पहिलो गोल ग-यो । थाइल्यान्डकी चात्चावान रोडथोङले करिब ३५ यार्डबाट प्रहार गरेको बलले जाली चुमेको थियो । त्यसैगरी खेलको ७४औँ मिनेटमा दोस्रो गोल गऱ्यो । थाइल्यान्डकी कप्तान जिरापुरन मोङकोल्डीले गोल गर्दै टोलीको अग्रता दोब्बर बनाइन् । त्यसपछि खेलमा गोल हुन सकेन र अन्ततः नेपाल थाईल्यान्डसँग २-० गोलअन्तरले पराजित भयो । यसअघि शुक्रबार भएको खेलमा पनि नेपाल थाइल्यान्डसँग १-० गोलअन्तरले पराजित भएको थियो ।

थम्मासत रङ्गशालामा विद्युतीय समस्या देखिएका कारण खेल निर्धारित समयभन्दा ३० मिनेट ढिला सञ्चालन भएको थियो । उक्त खेल नेपाली समयअनुसार ४:४५ बजे सुरु हुने तालिका थियो ।

उज्वेकिस्तानमा हुने महिला एसियन कप छनोटको तयारी स्वरूप नेपालले थाइल्यान्डसँग मैत्रीपूर्ण खेल खेलेको हो । महिला एसियन कप फुटबल यही जुन २९ तारिखदेखि हुँदैछ । एसिनय कप छनोटमा नेपाली महिला टोली समूह एफमा परेको छ । नेपालको समूहमा आयोजक उज्वेकिस्तानसँगै लाओस र श्रीलंका छन् ।

# ग्राण्ड मास्टर राईलाई सम्मान




■ प्रभाव संवाददाता

**काठमाडौं–** सुन्दरीमाई तेक्वान्दो डोजाङ नेपालले चर्चित तेक्वान्दो खेलाडी ग्राण्ड मास्टर, चलचित्रका नायक,कलाकार एवम् निर्माता राजकुमार राईलाई सम्मानित गरेको छ ।

डोजाङको कार्यलय सुन्दरीजल काठमाडौँमा एक कार्यक्रमको आयोजना गरी राईलाई सम्मानित गरेको हो । राई खेलकुदको माध्यमबाट नेपाललाई विश्वमा चिनाउँन सफल व्यक्ति हुन् भने उनले तेक्वान्दो खेलमार्फत नेपाललाई अन्तर्राष्ट्रिय स्वर्ण पदक समेत दिलाएका छन् ।

उक्त कार्यक्रममा ग्राण्ड मास्टर राईले खेलप्रति जीवनको अनुभव सुनाउँदै खेलाडीहरूलाई केही समय प्रशिक्षण दिई हौसला प्रदान गरेका थिए भने सोही अवधिमा राईबाट निरौलालाई सम्मान प्रदान गरिएको थियो । कार्यक्रममा निरौंलाले डोजाङलाई सधैं सहयोग र खेल क्षेत्रमा लागी पर्ने प्रतिबद्धता व्यक्त गरे ।

सोही क्रममा सुवास चन्द्र गौतमले सम्पूर्ण खेलाडीलाई धन्यवाद सहित उत्प्रेरणा प्रदान गरेका थिए भने उक्त कार्यक्रमको व्यवस्थापना कुन्ती काफ्लेले गरेकी थिइन् र कार्यक्रमलाई अमित काफ्लेले सञ्चालन गरेका थिए ।

कार्यक्रममा नेपाल मिडिया हाउस प्रालि तथा राष्ट्रिय विज्ञापन संघ नेपालका सचिव नवराज निरौंला, होटल तथा पर्यटन व्यवसाय एवम् खेलाडी अमित काफ्ले, डोजाङ कोषाध्यक्ष एवम् राष्ट्रिय तेक्वान्दो संघ काठमाडौँ शाखाका पध्यक्ष कुन्ती काफ्ले, बैकुन्ठ महत लगायतको उपस्थिति रहेको थियो ।


# Lekam Rural Municipality
# Office of the Rural Municipal Executive
**Ratamata, Darchula**
**Sudurpaschim Province**

## Invitation For Sealed Quotation

**Sealed Quotation No: LRM/G/E/02/2081/2082**
**Date of Publication: jun 3 2025(2082/2/20)**
**Last date :17 jun 2025(2082/3/3)**

1. The Lekam Rural Municipality, Office of the Rural Municipality invites sealed quotation Forms from registered Suppliers for the supply and delivery of Sanitary Pad.
2. Eligible Suppliers may obtain further information and inspect the sealed Documents at Lekam Rural Municipality Office, Ratamata, Darchula, Email: lekam.rmun@gmail.com, cell no.9848902605,9863446941
3. A complete set of Sealed Quotation Forms may be purchased from Lekam Rural Municipality Office, Ratamata, Darchula by eligible Suppliers on the submission of a written application, along with required document and upon payment of a non-refundable fee of NRs. 1000.00 till 17 jun 2025 during office hours.
4. Also the cost of Sealed Quotation Forms may be deposited in the following account.
   **Name of the Bank**:- Laxmisunrise Bank Ltd..
   **Name of Office:-** LekamRural Municipality, Office of Rural Municipal Executive, Ratmta, Darchula.
   **Office Code No** :- 801077308
   **Antarikrajaswakhataga 1.1, Account no** :- 09003000200
   **Sthaniyadharautikhata ga.3, Account No**:- 09003000187
5. Sealed Quotation must be submitted to the Lekam Rural Municipality, Office of the Rural Municipal Executive, Ratamata, Darchula on or before 12:00 AM Hours on 17 jun 2025 nSealed Quotation received after this deadline will be rejected.
6. The Sealed Quotation Forms will be opened in the presence of Suppliers representatives who choose to attend 14:00 Hours on 17 jun 2025 at Lekam Rural Municipality, Office of the Rural Municipal Executive. Sealed Quotaion must be valid for a period of 45 days after Sealed Quotation opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 28,700/- (In Word: NRs twenty eight thousand seven hundred Only), which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The employer reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.Other mandatory information are as per PPA 2063 and PPR 2064 and its revisions.

| S. N. | Sealed Quotation Number | Description of Work | Total Cost Including VAT | Bid Security (NRs) | Bid Document Price (NRs) |
|---|---|---|---|---|---|
| 1 | LRM/G/E/02/2081/2082 | Procurement of Goods (Supply and Delivery of Sanitary Pad) | 11,48,000/- | 28,700/- | 1000/- |

**Chief Adminstrative Officer**

# भारी वर्षापछि भारतमा पहिरो, तीन सैनिकको मृत्यु



**नयाँदिल्ली–** उत्तरपूर्वी भारतमा मुसलधारे वर्षापछि आएको भीषण पहिरोमा परी तीन सैनिकको मृत्यु हुनुका साथै अन्य छ जना बेपत्ता भएको भारतीय सेनाले सोमबार जनाएको छ ।

मनसुनी वर्षाका कारण आएको बाढी र पहिरोका कारण भारतको उत्तरपूर्वी राज्यमा पछिल्लो एक सातामा कम्तीमा ३० जनाको मृत्यु भएको छ ।

नेपाल र चीनसँग सीमा जोडिएको हिमाली राज्य सिक्किममा आइतबार साँझ गएको पहिरोमा परी सैनिकको मृत्यु भएको हो ।सेनाले एक विज्ञप्ति जारी गर्दै भारी वर्षाका कारण आएको ठूलो पहिरो आइतबार साँझपख सेनाको क्याम्पमा खसेको जनाएको छ ।

सेनाले सामाजिक सञ्जालमा एक तस्बिरर पोस्ट गरेको छ जसमा एक भवन अर्ध-जलमग्न भएको देखिन्छ । भारतमा मनसुनको मौसममा आकस्मिक बाढी आउनु सामान्य हो । यो सामान्यतया जुनमा सुरु हुन्छ र सेप्टेम्बरको अन्त्यसम्ममा कम हुन्छ । दक्षिण एसियामा गर्मी बढ्दै गएको छ र हालैका वर्षहरूमा मौसमी अवस्थामा परिवर्तन आएको छ । *रासस/एएफपी*

# आगलागीका कारण क्यानाडामा २६ हजारभन्दा बढी विस्थापित



**ओटावा (क्यानडा)–** क्यानाडाली अधिकारीहरूले क्यानडाको जंगलमा लागेकोका कारण क्यानाडाका तीन प्रान्तका २६ हजारभन्दा बढी बासिन्दाहरू विस्थापित भएको जनाएका छन् । उनीहरूका अनुसार आगो अझै नियन्त्रणमा आउन सकेको छैन ।

शनिबारसम्म म्यानिटोबामा लगभग १७ हजार अल्बर्टामा एक हजार ३०० र सास्काचेवानमा करिब आठ हजार मानिसहरूलाई त्यहाँबाट सुरक्षित स्थानमा स्थानान्तरण गरिएको जनाइएको छ । अधिकारीहरूले विस्थापितको संख्या अझै बढ्नसक्ने चेतावनी दिएका छन् ।

आगलागीका कारण उत्पन्न धुवाँले क्यानाडा र अमेरिकाका केही सीमावर्ती राज्यहरूमा वायु प्रदूषण बढाएको जनाइएको छ । अमेरिकाका केही भागहरू उत्तरी डकोटा, मोन्टाना, मिनेसोटा र दक्षिण डकोटाका क्षेत्रहरूमा हावाको गुणस्तर खतराको स्तरमा पुगेको जनाएइको छ । *रासस/क्युएनए*

# अस्ट्रेलियामा प्राकृतिक प्रकोपबाट ठूलो आर्थिक क्षति

**क्यानबेरा–** अस्ट्रेलियामा सन् २०२५ को सुरुआती पाँच महिनामा आएको प्राकृतिक विपत्तिका कारण ठूलो आर्थिक नोक्सानी भएको छ । सरकारी विवरणअनुसार, बाढी, डढेलो, आँधी र चक्रवातले अस्ट्रेलियाको अर्थतन्त्रमा करिब दुई अर्ब २० करोड अस्ट्रेलियाली डलर (करिब एक अर्ब ४० करोड अमेरिकी डलर) बराबरको असर पारेको छ ।

पूर्वी तटीय राज्यहरू न्यु साउथ वेल्स र क्विन्सल्याण्डमा धेरै ठूलो बाढी आएको थियो । मार्च महिनामा आएको चक्रवात 'अल्फ्रेड' पछिल्ला ५० वर्षमा पहिलोपटक दक्षिणपूर्वी क्विन्सल्याण्डमा पुगेको थियो ।

देशका अन्य भागहरूमा पनि कडा हावाहुरी, चक्रवात् र डढेलोका घटनाहरू भएका थिए । कोषालयले जनाएअनुसार, क्विन्सल्याण्डमा फेब्रुअरी महिनामा खुद्रा व्यापार ०.३ प्रतिशतले र मार्च महिनामा ०.४ प्रतिशतले घटेको थियो । अस्ट्रेलियाली तथ्यांक कार्यालयका अनुसार, नयाँ वर्षको पहिलो तीन महिनामा देशभर मानिसहरूले गर्ने खर्च खासै परिवर्तन भएको थिएन, तर क्विन्सल्याण्डमा भने ०.२ प्रतिशतले घटेको थियो ।

सरकारले महँगी, बेरोजगारी र राष्ट्रिय ऋण घटाउने प्रयासमा भएको सफलताका कारण अहिले विपद्बाट पीडित समुदायलाई सहयोग गर्न सक्षम रहेको जनाएको छ । सरकारले पीडित जनताको पीडा सबैभन्दा ठूलो कुरा भएको जनाउँदै आर्थिक असर पनि महत्त्वपूर्ण रहेको उल्लेख गरेको छ । *रासस/सिन्ह्वा*


## युएइमा रोजगार
कम्पनी : RITHIK DIAMOND TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०२/०५ | LT. 323942 | चलानी नं. ६०२३८०१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICKLAYER | 2 | 0 | 1200 | ४४,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 3 | Concrete Masons | 2 | 0 | 1300 | ४८,२९५ | | | | | | | |
| 4 | Electricians | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 5 | labourer / worker/ building worker / worker | 2 | 0 | 1000 | ३७,१५० | | | | | | | |
| 6 | Painter | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 7 | Plaster | 1 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 8 | Plumber | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 9 | Scaffolder | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 10 | Steel Fixer | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 11 | STONE MASON | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |
| 12 | TILE LAYER. | 2 | 0 | 1200 | ४४,५८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np

## युएइमा रोजगार
कम्पनी : ANSON CONSTRUCTION LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/१३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 309568 | चलानी नं. ६०२२४३३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WELDER | 1 | 0 | 1200 | ४४,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PLUMBER | 4 | 0 | 1200 | ४४,६०८ | | | | | | | |
| 3 | HELPER ELECTRICIAN | 1 | 0 | 1000 | ३७,१७३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान र मिति: तिलोत्तमा ट्रेनिङ सेन्टर, नायमिल-४, रुपन्देहीमा मिति: २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ । गल्फ ट्रेनिङ सेन्टर बज्रङ्गचोक-८, जनकपुरमा मिति: २०८२ जेठ २८ र २९ गते (11 & 12th June 2025) मा हुनेछ । सुनसरी मल्टीपल ट्रेनिङ सेन्टर, इटहरीमा मिति: २०८२ जेठ ३० गते (13th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**AMCON OVERSEAS PVT LTD**
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977, E-mail: amconoverseas123@gmail.com
श्रम इजाजत नं. ६८४/०६३/०६४



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/११/०८ मा दर्ता भएको **प्रा. लि. नं. ३०७५३९/०७९/०८०** को **कोसेली ह्यान्डिक्राफ्ट एण्ड थाङ्गा पेन्टिङ प्रा. लि.** को मिति २०८२/०२/१४ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## साउदीमा रोजगार
कम्पनी : BIN QURAYA COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324863 | चलानी नं. ६०२३८८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 20 | 0 | 1200 | ४३,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Truck Drivers | 20 | 0 | 1800 | ६५,४७२ | | | | | | | |
| 3 | Mason. | 20 | 0 | 1200 | ४३,६४८ | | | | | | | |
| 4 | WELDER | 10 | 0 | 1500 | ५४,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**SKY STAR RECRUITMENT PVT LTD**
Sukedhara- 4, Kathmandu, Nepal, T: 01-5902344 / 5902346
Email:- sky.starlabourdept@gmail.com, Web: www.skystarrecruitment.com
Govt.Lic. No 1078/073/74



## युएइमा रोजगार
कम्पनी : SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/१०/०२ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 316299 | चलानी नं. ६०२३१३५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard - SIRA | 50 | 25 | 1200 | ४४,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Security Guard (ASSD) | 75 | 25 | 2000 | ७४,३४६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: काठमाडौं बसुन्धारा ब्याङ्क्वेटमा मिति: २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ । संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २८ र २९ गते (11 & 12th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Tenduli International Employment Service Pvt. Ltd.**
New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 01-4568734, Mobile: 9851083996, 9813083335, 9823237412 ,9818119591, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np
Govt. License 304/059/60



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०९/०८ मा दर्ता भएको **प्रा.लि. नं. २८०३६३** को **नेपाल ओ.पि.जी. सेन्टर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## मलेसियामा रोजगार
कम्पनी : PHOENIX SECURITY SERVICES AND CONSULTATION SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324763 | चलानी नं. ६०२३८७७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1700 | ५४,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेष्ठ २७ गते (10th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Shahi Global Careers Pvt. Ltd.**
Satdobato Chowk-15, Lalitpur, Nepal, Phone No : 01-15151025,
E-mail: Shahigcareers@gmail.com,www.shahicareers.com
श्रम इजाजत नं. १२९८/०७४/०७५



## युएइमा रोजगार
कम्पनी : ARABIAN GULF FACILITY MANAGEMENT LLC

पूर्व स्वीकृति मिति : २०८१/११/२३ | पुन: विज्ञापन स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 319839 | चलानी नं. ६०२३४१५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 74 | 0 | 900 | ३३,४५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २७ गते (27th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 980102050, Pokhara Branch: 9846325187
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com
Govt. License 1518/074/075



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०३/०२ मा दर्ता भएको **प्रा. लि. नं. २९२४५५/०७८/०७९** को **नौरिश नेपाल प्रा. लि.** को मिति २०८२/०२/०४ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## साउदीमा रोजगार
कम्पनी : AFKAR NAKHA SWEETS ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324676 | चलानी नं. ६०२३७३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३६,३६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNION EXPRESS COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०२/१६ | LT. No. 324675 | चलानी नं. ६०२३७३९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1800 | ६५,४६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal,
Tel No. 014588454,E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np
श्रम इजाजत नं. १४००/०७४/०७५



## साउदीमा रोजगार
कम्पनी : JADUDNA FOODS RESTAURANT FOR PROVIDING MEALS EST.

पूर्व स्वीकृति मिति : २०८२/०२/१९ | LT. No. 324647 | चलानी नं. ६०२३८९१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1500 | ५४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAJD SILOS SWEETS ESTABLISHMENT SAUDI ARABIA

पूर्व स्वीकृति मिति : २०८२/०२/१३ | LT. No. 324646 | चलानी नं. ६०२३८९२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 2 | 0 | 1200 | ४३,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ २७ गते (10th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**SKY BLUE H.R. SOLUTION PVT.LTD**
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**
**सूचना प्रकाशित मिति : २०८२/०२/१५**

यस कार्यालयमा मिति २०६६/०३/११ मा दर्ता भएको **सिने कु एण्ड मिडिया प्रा.लि. (प्रा.लि. नं. ६३७८६/०६५/०६६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



Government of Bagamati Provence
**Ministry of Internal Affairs and Law**
Hetauda, Makwanpur

**Invitation for Sealed Quotation**

**Date of Published -2025-Jun-3**

Government of Bagamati Provence, Ministry of Internal Affairs and Law, Hetauda, Makwanpur invites sealed Quotation (hard copy) from registered, eligible and interested bidders for the following works. For more detail bidders may contact at concerned office.

| S. N. | Contract Identificati On Number | Description of Works | Cost of Bidding Document | Last date and time of Purchase of bid document | Last date of bid submission, opening time and place | Bid Security | Account Details |
|---|---|---|---|---|---|---|---|
| 1. | SQ/MOIAL/ 07/2081/082 | Procurement of Earthling and lighting Protection System and Installation Sealed Quotation | NRS.1000.00 | 2025-Jun-17 till 17:00 Hrs. At concerned office | 2025-Jun-18 till 12:00 Hrs. and 14:00 Hrs. respectively at concerned office | NRS. 50,000.00 (45days) | Account Name: **Rajaswa Khata**: 1000100200010000 Rajaswa Shirshak no.14229 **Dharauti Khata:**1300100202030000 Bank Name: Rastriya Banijya Bank Hetauda, Makwanpur. office code: 3140032013 office name: Ministry of Internal Affairs and Law, Account Section, Hetauda, Makwanpur. |



## अधिकृत वारेश खारेज रद्ध बदर गरी दिएको सूचना

**प्रकाशित मिति: २०८२/०२/२०**

जिल्ला धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ विहार कुण्डको पूर्व डिलमा अवस्थित सिता विहारी कुञ्जमा बस्ने स्व.राम लखन दासको नाती स्व. जयगोविन्द दासको छोरा (ना.प्र.नं. ३९६६९४२३९ जारी मिति २०३४/०३/०२ जि.प्र.का. धनुषाबाट प्राप्त गरेको) वर्ष ६५ को राम सेवक दासले जिल्ला धनुषा गा.वि.स. भरतपुर वडा नं. ४ हाल परिवर्तित जिल्ला धनुषा गणेशमान चारनाथ नगरपालिका वडा नं. ४ घर भई हाल विहार कुञ्जमा बस्ने सुकदेव ठाकुरको नाती राम शोभित ठाकुर वरहीको छोरा वर्ष २५ को रूपेश कुमार शर्मालाई मिति ०७९/०४/१३ गतेको धनुषा जिल्ला अदालतबाट दिएको अधिकृत वारेशनामा आजको मितिबाट खारेज रद्द बदर गरी दिएको छ । उक्त अधिकृत वारेश रद्द बदर घोषणाको जानकारी निज अधिकृत वारेशको ठेगानामा १/१/ प्रति हुलाक मार्फत पठाई जानकारी गराई अधिकृत वारेशनामा रद्द बदरको लागि राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गरी सूचना जारी गरी दिएको छ ।

**अ.वा. दिने**
**रामसेवक दास**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी–विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोन: ०१–४२७६५३०, फ्याक्स:०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोन: ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १८९८०० | प्रति तोला - ० | प्रति तोला - १९९० |

## अर्थमन्त्री पौडेल र आइएमएफ मिसन प्रमुखबीच भेटवार्ता



■ प्रभाव संवाददाता

**काठमाडौं-** उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) मिसन प्रमुख सरवत जहानबीच शिष्टाचार भेटवार्ता भएको छ ।

अर्थमन्त्रालयमा सोमबार भएको भेटवार्तामा विस्तारित कर्जा सुविधा (एक्सटेन्डेड क्रेडिट फेसिलिटी- ईसीएफ) को छैटौं समीक्षा, संरचनागत सुधारलगायतका विषयमा छलफल भएको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

विदेशी मुद्रा सञ्चिति घटेर भुक्तानी सन्तुलन निकै कमजोर भएपछि नेपालले सन् २०२२ मा ३९ करोड ५९ लाख अमेरिकी डलर बराबरको ईसिएफ सुविधा लिएको थियो । जुन नेपालले पाउने स्पेशल ड्रइङ राइट (एडिआर) कोटाको १८० प्रतिशत बराबर हो । बजेट वित्तपोषण (बजेट फाइनान्सिङ) का लागि चार वर्षमा विभिन्न किस्तामा भुक्तानी गर्नेगरी आइएमएफले यो सुविधा उपलब्ध गराएको थियो । उक्त कर्जा सुविधाको छैटौं समीक्षाका लागि आईएमएफ मिसन टोली नेपाल आएको हो ।

## 'कर्जा विस्तार केन्द्रीकृत हुँदा ऋण सीमित क्षेत्रमा'

■ प्रभाव संवाददाता



**काठमाडौं-** नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले बैंक तथा वित्तीय संस्थाहरूको कर्जा विस्तार केन्द्रीकृत हुँदै गएको र कुल प्रवाहित कर्जाको ठूलो हिस्सा सीमित व्यक्ति तथा समूहमा जाने गरेको बताएका छन् ।

प्रतिनिधिसभाअन्तर्गतको अर्थ समितिको आजको बैठकमा 'बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (बाफिया) लाई संशोधन गर्न बनेको विधेयक' माथिको छलफलका क्रममा गभर्नर पौडेलले यस्तो बताएका छन् । 'अहिले करिब १९ लाख ४० हजार ऋणी रहेका छन्, जसमध्ये शून्य दशमलव शून्य दशमलव एक प्रतिशत ऋणीले मात्र तीन दशमलव नौ प्रतिशत कर्जा प्रयोग गरेको देखिन्छ, यसबाट केही व्यक्तिलाई मात्रै धेरै ऋण गएको छ कि भन्ने देखिन्छ', उनले भने, 'त्यसरी सीमित व्यक्तिलाई मात्र धेरै ऋण जानु राम्रो हो वा होइन र त्यसरी प्रवाहित कर्जाले उत्पादनमा राम्रो गरेको छ वा छैन भन्ने चासोको विषय हो ।'

संशोधनका क्रममा रहेको बाफियाले बैंक तथा वित्तीय संस्थाहरूको सञ्चालक र व्यवसायी छुट्याउने तथा उल्लेख्य स्वामित्व भएका व्यक्ति र बैंकसँग सम्बद्ध व्यक्ति को हो भनेर छुट्याउन खोजेको गभर्नर पौडेलले बताए । सञ्चालकले के-कति कर्जा लिन पाउने-नपाउने भन्ने विधेयकमार्फत स्पष्ट भएर आउने विश्वास उनले व्यक्त गरे । डिजिटल बैंकिङलाई विद्यमान बाफियाले नसमेट्ने भएका कारण अहिलेको संशोधन आवश्यक रहेको नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुरूप्रसाद पौडेलले धारणा राखे । अहिले करिब रु साढे ५५ खर्ब हाराहारी कर्जा प्रवाह भएको उनको भनाइ थियो ।

समितिमा विचाराधिन विधेयकमा डिजिटल मुद्रा प्रयोग तथा डिजिटल बैंकिङलाई कानुनी मान्यता दिने, बैंक सञ्चालक समितिमा रहेका व्यक्तिको जिम्मेवारीमा स्पष्टता खोज्ने, आफैं शेयर धनी रहेका बैंकबाट ठूलो कर्जा लिने प्रवृत्तिलाई निरुत्साहन गर्नेलगायतका विषय राखिएका छन् ।

त्यस्तै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा विकसित वित्तीय प्रणाली, वित्तीय औजार, वित्तीय सुरक्षा, वित्तीय जोखिमसमेतका आधारमा बैंक तथा वित्तीय संस्थाको प्रभावकारी व्यवस्थापन एवम् नियमनका लागि कानुनी प्रबन्ध गर्न पनि यो विधेयकले महत्वपूर्ण भूमिका खेल्ने ठानिएको छ ।

## सन्तुलित र उत्पादनलाई प्रोत्साहन गर्ने बजेट आएको परिसंघको ठहर

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल उद्योग परिसंघले वर्तमान अर्थतन्त्रको चुनौती पहिचान गर्दै गतिशिल अर्थतन्त्र निर्माण गर्न निजी क्षेत्रको लगानी बढाउन सहयोग गर्ने गरी आर्थिक वर्ष २०८२/८३ को बजेट आएको टिप्पणी गरेको छ । परिसंघले बजेट सन्तुलितसँगै केही क्षेत्रलाई उच्च प्राथमिकता दिएको र आर्थिक वृद्धिका लागि उच्च योगदान गर्ने क्षेत्रमा थप नीतिगत, कानुनी र प्रक्रियागत सुधार गर्दै निजी लगानी प्रवर्द्धनलाई प्राथमिकता दिएकामा स्वागत गरेको छ ।

सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त हुने आयमा लाग्ने करमा ७५ प्रतिशत छुट हुने, नेपालमा बसी विदेशमा सूचना प्रविधि सेवा निर्यात गर्ने व्यक्तिको आम्दानीमा पाँच प्रतिशत मात्र आयकर लाग्ने र यो कर अन्तिम हुने, दश करोडसम्मको वार्षिक कारोबार गर्ने नवप्रवर्तन व्यवसायलाई पाँच वर्षसम्म आयकर नलाग्ने व्यवस्था आगामी आवको बजेटमा गरिएको छ । सूचना प्रविधिमा आधारित उद्योग र होटल तथा रिसोर्टलाई विशेष उद्योग सरह आयकर र विद्युत् महसुल छुट दिने व्यवस्थाले सूचना प्रविधि तथा नवप्रवर्तन क्षेत्रमा लगानी आकर्षित गर्ने विश्वास परिसंघको छ ।

विद्युतीय रेलमार्ग निर्माण गर्न विस्तृत अध्ययन गर्ने, निजी क्षेत्रसँगको साझेदारीमा व्यवस्थित सहर विकास गर्ने नीतिले अर्थतन्त्रको विकासलाई गति प्रदान गर्ने भन्दै परिसंघले उत्पादनमूलक, पर्यटन र निर्माण उद्योगका साथै आवास विकास कम्पनीका लागि सरल र सुलभ तरिकाले कार्यशील पुँजी कर्जा उपलब्ध गराउने व्यवस्थाको कार्यान्वयनमा जोड दिएको छ ।

त्यसैगरी जलविद्युत् सर्वेक्षण, उत्पादन, प्रसारण र वितरणमा निजी क्षेत्रको लगानी प्रोत्साहित गरिने, सौर्य तथा वायु ऊर्जा ब्याट्रीमा सञ्चय गरी राष्ट्रिय प्रणालीमा आवद्ध गरेमा जलाशययुक्त आयोजना सरह विद्युत् खरिद सम्झौता गर्ने व्यवस्था सकारात्मक रहेको पसिंघले ठहर गरेको छ ।

बजेटमा बुढीगण्डकी आयोजना सार्वजनिक निजी साझेदारीमा निर्माण गरिने, राष्ट्रिय प्रसारण प्रणालीदेखि उद्योग स्थलसम्मको वितरण लाइन उद्योग आफैंले निर्माण गरेमा ह्विलिङ्ग चार्ज लिन पाउने व्यवस्था गरिने उल्लेख छ । विद्युत् माग कम हुने समयमा निश्चित युनिटभन्दा बढी खपत गर्ने उत्पादनमूलक उद्योगलाई महसुल दरमा थप छुट घोषणाको परिसंघले स्वागत गरेको छ ।

बजेटको प्रभावकारी कार्यान्वयन गरी आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न परिसंघले सहयोगी एवं सकारात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएको छ ।

## पाँच महिनामा पाँच लाखभन्दा बढी पर्यटक नेपाल भित्रिए

**काठमाडौं (प्रस)-** सन् २०२५ का पाँच महिनामा पाँच लाखभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन् ।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्यांकअनुसार जनवरीदेखि मे महिनासम्म कूल पाँच लाख एक हजार २६४ पर्यटक नेपाल आएका हुन् । मेमा मात्रै ८६ हजार २१६ विदेशी पर्यटक नेपाल आएका छन् । यस्तै, जनवरीमा ७९ हजार ९९१, फेब्रुअरीमा ९६ हजार ८८०, मार्चमा एक लाख २१ हजार ८०० र अप्रिल महिनामा एक लाख १६ हजार ४९० विदेशी पर्यटक नेपाल आएका बोर्डले जनाएको छ । मे महिनामा सबैभन्दा बढी भारतबाट २८ हजार एक सय ६०, अमेरिकाबाट नौ हजार ७४, चीनबाट आठ हजार ८२४, बङ्गलादेशबाट चार हजार २८०, संयुक्त अधिराज्य बेलायतबाट तीन हजार ४७३ पर्यटक नेपाल भित्रिएका छन् ।

बोर्डका अनुसार मेमा दक्षिण एसियाली मुलुकबाट ३४ हजार ३५०, एसिया र अन्य मुलुकबाट १८ हजार ६९ पर्यटक नेपाल आएका छन् । युरोपबाट १३ हजार ३३० र मध्यपूर्वी मुलुकबाट एक हजार ५१५ पर्यटक भित्रिएका छन् । अघिल्लो वर्ष सन् २०२४ को सोही महिनाको तुलनामा ९५ दशमलव छ प्रतिशतबढी पर्यटक नेपाल भित्रिएका छन् । सन् २०१९ को तुलनामा १११ प्रतिशतले विदेशी पर्यटक आगमनमा बढोत्तरी भएको छ ।

## १० महिनामा एक खर्ब ५५ अर्बको पेट्रोलियम आयात

**वीरगञ्ज (पर्सा)-** चालु आर्थिक वर्षको १० महिनामा वीरगञ्ज नाकामार्फत रु एक खर्ब ५५ अर्ब ९४ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्याँस (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात भएको हो ।

गत आवको सोही अवधिको तुलनामा चालु आवमा पाँचै थरिका पेट्रोलियम पदार्थको समग्र आयातमा रु एक अर्ब ३५ करोड रकम अर्थात ०.८६ प्रतिशतले गिरावट आएको हो ।

गत आवको १० महिनाको तुलनामा चालु आवको १० महिनामा पेट्रोलियम पदार्थको आयातमा गिरावट आएपछि समग्र पेट्रोलियम पदार्थबाट प्राप्त राजस्वमा भने उल्लेखनीय वृद्धि भएको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले चालु आवमा पेट्रोलियम पदार्थको परिमाणको आधारमा आयात घटेपनि राजस्व संकलनमा वृद्धि भएको बताए ।

चालु आवको १० महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयातबाट कार्यालयले रु ६४ अर्ब ५० करोड रकम राजस्व संकलन गरेको छ । जबकी गत आवको सोही अवधिमा पाँचै थरिका पेट्रोलियम पदार्थ आयातबाट रु ५८ अर्ब ४८ करोड राजस्व संकलन भएको थियो । गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा पेट्रोलियम पदार्थबाट संकलन हुने राजस्व १०. ३१ प्रतिशतले वृद्धि भएको हो ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको वैशाख मसान्तसम्म रु ७९ अर्ब ५२ करोड मूल्य पर्ने नौ लाख २९७ किलोलिटर डिजेल आयात भएको छ । गत आवको सोही अवधिमा रु ८३ अर्ब ४७ करोड मूल्यपर्ने आठ लाख १३ हजार ८४६ किलोलिटर डिजेल आयात भएको छ । कार्यालयका अनुसार चालु आवमा डिजेल आयात वापत कार्यालयले रु ३५ अर्ब ७० करोड राजस्व संकलन गरेको छभने गत आवको सोही अवधिमा रु ३२ अर्ब ७२ करोड राजस्व संकलन गरेको थियो ।

चालु आवको १० महिनामा रु ३१ अर्ब ७१ करोड मूल्य पर्ने तीन लाख ६७ हजार ३४४ किलोलिटर पेट्रोल आयात भएको छ । जबकी गत आवको १० महिनामा रु ३२ अर्ब ६० करोड मूल्य पर्ने तीन लाख २६ हजार ३८७ किलोलिटर पेट्रोलको आयात भएको थियो ।

चालु आवको १० महिनामा पेट्रोल आयातबाट कार्यालयले २० अर्ब ७१ करोड राजस्व संकलन गरेको छभने गत आवको सोही अवधिमा रु १८ अर्ब ७० करोड राजस्व संकलन गरेको थियो । यो नाका हुँदै चालु आवको १० महिनामा रु ३० अर्ब २८ करोड मूल्य पर्ने रु २६ करोड ४१ लाख सात हजार ५४८ किलोग्राम एलपीजी ग्याँस आयात भएको छ ।

जबकी गत आवको सोही अवधिमा रु २५ अर्ब १९ करोड मूल्य पर्ने २३ करोड ५५ लाख ४५ हजार ७४० किलोग्राम एलपीजी ग्याँस आयात भएको थियो । कार्यालयले चालु आवको १० महिनामा एलपी ग्याँस आयात वापत रु पाँच अर्ब ६७ करोड राजस्व संकलन गरेको छभने गत आवको सोही अवधिमा एलपीजी ग्याँस आयातबाट रु चार अर्ब ७० करोड राजस्व संकलन गरेको थियो ।

वीरगञ्ज नाका हुँदै चालु आवको १० महिनामा रु १३ अर्ब ८८ करोड मूल्य पर्ने एक लाख ५३ हजार १९२ किलोलिटर एटिएफ आयात भएको छ । जबकी गत आवको १० सोही अवधिमा रु १५ अर्ब ४७ करोड मूल्य पर्ने एक लाख ४५ हजार ३३६ किलोलिटर एटिएफ आयात भएको थियो ।

कार्यालयले चालु आवको १० महिनामा एटिएफ आयात वापत रु दुई अर्ब १७ करोड राजस्व संकलन गरेको छ । जबकी गत आवको सोही अवधिमा रु दुई अर्ब २२ करोड राजस्व संकलन गरेको थियो । यो नाका हुँदै चालु आवको १० महिनामा रु ५५ करोड मूल्य पर्ने छ हजार १३० किलोलिटर मट्टितेल आयात भएको छ ।

जबकी गत आवको सोही अवधिमा ५६ करोड मूल्य पर्ने पाँच हजार ३६० किलोलिटर मट्टितेल आयात भएको थियो । कार्यालयले चालु आवको १० महिनामा मट्टितेल आयातबाट रु १५ करोड राजस्व संकलन गऱ्यो भने गत आवको सोही अवधिमा पनि १५ करोड नै राजस्व संकलन गरेको थियो । *रासस*

## अन्य सार्वजनिक यातायात ठप्प हुँदा साझा र मयुर यातायात सञ्चालन



**काठमाडौं (प्रस)-** सबै यातायात व्यवसायीले सेवा ठप्प गरे पनि साझा र मयुर यातायातले भने निर्वाध सेवा दिइरहेको छ । उपत्यकासहित देशभरको सार्वजनिक यातायात ठप्प पारेर व्यवासयीहरू आन्दोलनमा उत्रिए पनि मयुरले भने काठमाडौंमा सेवा जारी राखेको हो ।

विगतमा अरनिको राजमार्गमा सिन्डिकेट तोडेर चर्चा कमाएको मयुर यातायात र सरकारी स्वामित्वको साझा यातायातले आज सेवा दिइरहेका छ । मयुर यातायातका अध्यक्ष मोहनबहादुर श्रेष्ठले सार्वजनिक यातायात बन्द गर्नु राम्रो काम नभएकोले बन्द नगरेको बताए ।

उनले भने, 'एकाविहानै देखि सबै गाडीले सेवा दिने भनेको थिए । हाम्रा चालक र सहचालकहरूलाई बन्दकर्ता पक्षधरले धम्की दिएछन् । त्यसकारण अलि ढिला भयो । अहिले साढे ११ बजेसम्म ३० वटा बसले चक्रपथदेखि धुलिखेल सेवा दिइरहेका छन् ।' श्रेष्ठले १२ बजेपछि ९० वटा बस नै चलाउने बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ